जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २१६ २०८१ साल चैत १५ गते शुक्रबार (28 Mar. 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चालु आवको दोस्रो ... ३ पृष्ठमा : 'विदेशी सवारी साधनमा ... ३ पृष्ठमा : पत्रकारलाई रिहा गन ...

# क्यान्सर पीडित छोरालाई बचाउन अशक्त वुवाको अपिल

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका १ बरही टोलका ६० वर्षिय बृद्ध देवनारायण राय क्यान्सर पीडित छोराको उपचार खर्चका लागी छटपटाई रहेका छन ।

दश वर्ष अघि दुर्घटनामा एउटा खुट्टा गुमाएका बृद्ध वुवा देवनारायण आर्थिक अभावमा बुढेसकालका सहारा एक मात्र छोराको उपचारमा भए भरको सम्पती खर्चिए पनि अपुग रहेकोले अहिले उनी छटपटाई रहेका छन् ।

पायल्स रोगबाट विरामी परेका छोराको उपचारका लागी दुई धुर जग्गामा बनेको फुसको घर गाउँ कै साहु महाजनलाई बन्धकी राखेर ऋण उठाई उपचारका लागी भारत बिहार राज्यको राजधानी पटना पुऱ्याउदा उनलाई क्यान्सर रोग भएको पत्तो लागेको थियो ।





केही दिन पटनास्थित एम्स अस्पतालमा उपचार गरेपछि डाक्टरले क्यान्सर रोग लागेको भन्दै क्यान्सर अस्पताल लैजान सल्लाह दिएका थिए । त्यसपछि छोरालाई घर ल्याएको उनले भएको एउटा दुहुनो गाई समेत १९ हजार रुपैयामा बेचेर चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा भर्ना गराएका छन ।

तीन दिन अघि मात्र प्रसान्तको अपरेशन गरिएको छ । त्यहाँ उपचार, औषधी, बेडशुल्क लगायत गरी अहिले सम्म १ लाख ५० हजार रुपैयाको विल अस्पताल प्रशासनले भुक्तानीका लागी अभिभावकलाई दिएका छन । किमो गर्ने काम पनि बाँकी नै रहेकोले थप डेढ/दुइ लाख रुपैयासम्म लाग्ने डाक्टरहरुले बताएका छन । उनले रकमको अभावमा अहिले डाक्टरले पुर्जामा लेखिदिएको सबै औषधी पनि खुवाउन नसकेको बताए ।

उपचार महगो हुने र अप्रेशन भएकाले थप खर्च जुटाउन समस्याका साथै दैनिक ज्यालादारी गरी ६ जनाको परिवार पाल्दै आएका छोरा विरामी परेपछि हातमुख जोड्न समेत समस्या भएको उनको भनाई छ ।

क्यान्सर पीडित प्रशान्तको श्रीमतीसहित ११ वर्षिय विपिन र ५ वर्षिय सुसान्त गरी दुई छोरा छन । घर परिवार चलाउने एकमात्र अभिभावक प्रसान्त विरामी परेपछी उनीहरुको पनि विजोग भएको देवनारायणले सुनाए ।

सबैलाई सहयोगबाट छोरा बचाइदिन उनले अपिल समेत गरेका छन । उनले छोराको उपचारमा सहयोग गर्न चाहनेहरुलाई ९८१७३९२४३, ९७०३४२८६५९ र ९८५२८२०९२७ मा सर्म्पक गर्न अनुरोध समेत गरेका छन ।

हाल उनको उपचारमा सहयोग जुटाउन स्थानीय समाजसेवी किशोर कुमार यादव "केसी" ले पहल थालेका छन । आफ्नो पहलमा केही रकम जुटेको छ तर त्यो प्रशान्तको उपचारका लागी पर्याप्त नरहेको उनी बताउछन् ।

## आफै अनियन्त्रित भई मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

पुर्व पश्चिम राजमार्ग अन्तरगत सप्तरीको कंचनरुप नगरपालिका १० बदगामा बुधबार राती आफै अनियन्त्रित भई मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

कंचनरुप नगरपालिका १२ रुपनगर निवासी २७ वर्षिय मोटरसाइकल चालक बिक्रम बञ्जराको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार भारदहबाट कंचनपुरतर्फ आउदै गरेको प्रदेश २-०२-०१६ प १२५ नं को मोटरसाइकल आफै अनियन्त्रित भई पल्टिदा चालक बञ्जरा र पछाडि सवार जिल्लाकै रुपनी गाउपालिका ४ बस्ने ३४ वर्षिय संतोष ईसर घाइते भएका थिए ।

घटना पश्चात् इलाका प्रहरी कार्यालय कंचनपुरबाट गएको प्रहरी टोलीले गम्भिर घाइते भएका दुवैलाई बिराटनगरस्थित नोबेल अस्पताल बिराटनगर पठाएको थियो । सोही अस्पतालमा घाईते मध्ये मोटरसाइकल चालक बञ्जराको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## मविव क्याम्पस राजविराजको प्रमुखमा डा. कर्ण नियुक्त

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजको क्याम्पस प्रमुखमा डा. सुशिलचन्द्र कर्ण नियुक्त भएका छन् ।

त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयको २०८१ चैत १३ गते बसेको

***बाँकी अन्तिम पृष्ठमा***



IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यस इम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१ चैत्र २२ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकार्ता (महिला) | राजविराज | १ | HA / Staff Nurse |

**द्रष्टव्य:**

१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
२. दरखास्त बुझाउनु पर्ने स्थान :इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२)वा इम्प्याक्ट नेपालकान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल:vacancy.impactnepal@gmail.com,मार्फत् पनि पठाउन सकिने छ ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सर्म्पक गरीने छ ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## सम्पादकीय

### आर्थिक मन्दी र राजनीतिक अस्थिरता हटाऔं

आर्थिक मन्दी कायमै रहेको बेला राजनीतिक अस्थिरताले मुलुकलाई झनै अस्थिर बनाएको छ । विभिन्न व्यापार, व्यवसायहरु चौपट भइरहेको छ । व्यापार, व्यवसायलाई अगाडी बढाउन पुँजीको अभाव हुन्छ तर बैंक तथा वित्तिय संस्थाहरुको झन्झटिलो ऋण प्रवाहले गर्दा यसलाई झनै जटिल बनाएको छ । जसकारण अधिकांश व्यापार, व्यवसाय बन्द हुन पुगेको छ भने व्यापारीहरु झनै ऋणमा डुबेका छन् । ऋण प्रवाह नहुँदा त्यसको मार आम जनताहरुमा समेत परेका छन् ।

यता मुलुकमा पुनः राजनीतिक अस्थिरता बढेको छ । गणतन्त्रवादी र राजावादीबीचको राजनीतिक विवाद अहिले उत्कर्षमा पुगेको छ । दुबै आमने सामने छन् । यस्तो अवस्थामा सामान्य जिवन पनि असमान्य बन्दै गएको छ । जसले सिधै उद्योग र व्यापारमा असर परेको छ । यता राजनीतिक आन्दोलनका कारण खुलेको पसल पनि बन्द गर्ने अवस्था आएको छ । व्यापार चौपट बन्दै गएको अवस्थामा महँगो दरमा पसल थापेर बसेका व्यापारीहरुलाई भाडा तिर्न पनि धौं धौं परेको छ । सरकारले आमजनताको मर्कालाई आत्मसाथ गर्न नसक्दा आर्थिक मन्दी कारणले कतिपयको घर, व्यापार समेत बिक्रि गर्नु पर्ने अवस्था उत्पन्न भएको छ ।

तसर्थ यस्तो अवस्थामा सबैभन्दा पहिले सरकारले आमजनतालाई बाच्न पाउने स्थिर राजनीतिक वातावरण बनाउन अग्रसरता देखाउनु जरुरी छ । जनता समृद्ध भए देश समृद्ध हुने र अर्थतन्त्र पनि बलियो हुनुका साथै राजश्वमा समेत बृद्धि हुने कुरामा दुईमत नहोला ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# चालु आवको दोस्रो चौमासिकमा पाँच दशमलव एक प्रतिशत आर्थिक वृद्धिदर

काठमाडौं, १४ चैत (रासस) ।

चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासिकमा पाँच दशमलव एक प्रतिशतको आर्थिक वृद्धि अनुमान हासिल भएको अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार चालु आवको दोस्रो त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) सार्वजनिक गर्दै यातायातलगायत केही क्षेत्रमा राम्रो सुधार देखिए पनि जिडिपीमा सामान्य वृद्धि हासिल भएको जनाएको हो । यद्यपि, यो मौसमी प्रभाव समायोजन नगरिएको वृद्धिदर हो । दोस्रो त्रैमासिकको मौसमी प्रभाव समायोजनपछिको जिडिपी वृद्धिदर भने दुई दशमलव दुई प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

"दोस्रो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा यातायात, निर्माण क्षेत्र, कृषि, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धिसँगै वित्तीय मध्यस्थताको कुल मूल्य अभिवृद्धिमा भएको वृद्धि प्रमुख कारक रहेका छन्", कार्यालयले भनेको छ, "खासगरी यस अवधिमा शिक्षा, आवास तथा भोजन र अन्य सेवा क्षेत्रमा उल्लेख्य वृद्धि हुन नसकेकाले अर्थतन्त्रको वृद्धिदर सामान्य रहन गएको अनुमान रहेको छ ।"

मौसमी प्रभाव समायोजित तथ्याङ्का आधारमा कुल १८ ओटा औद्योगिक क्षेत्रमध्ये दुईओटामा ऋणात्मक वृद्धिको अनुमान गरिएको छ । विद्युत् तथा ग्यास क्षेत्रमा चार दशमलव आठ प्रतिशत र आवास तथा भोजन क्षेत्रमा दुई दशमलव सात प्रतिशतको ऋणात्मक वृद्धि देखिएको छ ।

मौसमी प्रभाव समायोजन नगरिएको तथ्याङ्कअनुसार यातायात तथा भण्डारणसँग सम्बन्धित क्रियाकलापको सबैभन्दा धेरै १४ दशमलव दुई प्रतिशत वृद्धिदर रहेको छभने खानी तथा उत्खनन क्षेत्र नौ दशमलव पाँच प्रतिशत वृद्धिदरसहित दोस्रो धेरै वृद्धि हुने औद्योगिक क्षेत्र रहेको छ ।

यसैगरी, निर्माण सामग्रीहरूको आयात तथा घरेलु उत्पादनको वृद्धिसँगै निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर नौ दशमलव एक प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । उत्पादनमूलक उद्योगको वृद्धिदर सात दशमलव चार प्रतिशत र निक्षेप तथा कर्जामा भएको वृद्धिका कारण वित्तीय तथा बिमा क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर छ दशमलव छ प्रतिशत हुने अनुमान गरिएको छ । व्यापार क्षेत्रको वृद्धिदर छ दशमलव एक र सूचना तथा प्रविधि क्षेत्रको वृद्धिदर चार दशमलव नौ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ ।

मुलुकको अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुर्‍याउने कृषि क्षेत्रको वृद्धिदर तीन दशमलव दुई प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान गरिएको छ । "धानको उत्पादनमा भएको वृद्धिका साथै तरकारी, अमिलो जातको फलफूल तथा हिउँदे फलफूल र पशुपक्षीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको देखिन्छ", सार्वजनिक विवरणमा भनिएको छ ।

अर्थतन्त्रको दोस्रो ठूलो क्षेत्रका रूपमा रहेको थोक तथा खुद्रा व्यापार क्षेत्रमा स्वदेशी उत्पादनमा भएको वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको वृद्धिका कारण केही विस्तार देखिएको जनाइएको छ ।

यस्तै, औद्योगिक वस्तुको उत्पादनमा क्रमिक सुधार आएका कारण उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिमा उल्लेख्य सुधार हुन गएको प्रारम्भिक अनुमान छ । दोस्रो त्रैमासिकमा सार्वजनिक प्रशासन तथा रक्षा दुई दशमलव दुई, स्वास्थ्य तीन दशमलव एक, घरजग्गा कारोबार तीन दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

# सडक विस्तारको विरोधमा मुख्य व्यापारिक क्षेत्र बन्द

पर्सा, १४ चैत (रासस) ।

वीरगञ्ज बचाउ सङ्घर्ष समितिले वीरगञ्जको गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक विस्तारको विरोधमा मुख्य सडक (मेनरोड) खण्डका व्यापारिक पसल बन्द गराएका छन् ।

सर्वोच्च अदालतले सडक विस्तार विरुद्धको रिट खारेज गरेसँगै सडक डिभिजन हेटौंडाले सो खण्डमा पर्ने सडकको सीमाङ्कन गर्न यही चैत ८ गते पत्राचार गरेको थियो । सो पत्राचारसँगै यहाँका स्थानीयवासी आन्दोलित भएका हुन् । समितिका अनुसार वीरगञ्जका मुख्य व्यापारिक क्षेत्रका बजार दिउँसो १२ बजेसम्म बन्द गरिने जनाइएको छ ।

वीरगञ्ज बचाउ सङ्घर्ष समितिका संयोजक तथा वीरगञ्ज महानगर-९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले सर्वोच्च अदालतको पूर्णपाठ नआउँदै डिभिजन सडक हेटौंडाले सडकको सीमाङ्कनका लागि पत्राचार गरेकोले आन्दोलन अघि बढाएको जानकारी दिनुभयो ।

"फैसलाको पूर्णपाठ नआउँदै सीमाङ्कनको लागि पत्राचार गरेपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको हो," उहाँले भन्नुभयो, "ऐतिहासिक वीरगञ्जको व्यापारीक क्षेत्रलाई नामेट पार्न खोजिएकाले यहाँका घरधनी तथा व्यापारी एक जुट भएर आन्दोलनका कार्यक्रम अघि बढाइएको हो ।"

उहाँले सडक विस्तार गरिएमा गण्डक पुलदेखि मितेरीपुलसम्म करिव एक हजार एक सयभन्दा धेरै घरधनीको उठिबास हुने बताउनुभयो । "यो सडक विस्तार भएको खण्डमा एक हजार एक सय घरमध्ये पाँच सय घरधुरीको त एक हात पनि जग्गा नरहने अवस्था सिर्जना हुन्छ," उहाँले भन्नुभयो, "जनतालाई सकुम्बासी बनाएर गरिने विकासको काम छैन ।"

वीरगञ्ज महानगर-६ का महेशराम चौरसियाले सडक विस्तारले आफ्नो चार धुरको घरसहित जग्गा एक हात पनि नरहने गुनासो गर्नुभयो । "पहिलाको सडक विस्तारले साढे दुई धुर जग्गा गइसकेको छ," उहाँले भन्नुभयो, "अब फेरि २५-२५ मिटर सडक विस्तार गर्दा त एक हात पनि बाँकी रहँदैन ।"

वीरगञ्जको महावीर मन्दिरसँगै घर रहेका सञ्जीव शर्मा सडक विस्तार भएमा आफ्नो पाँच जनाको परिवार बिचल्ली हुने बताउनुहुन्छ । वडाध्यक्ष गुप्ताले बिहीबारे आईशनगरबाट विरोध प्रदर्शनीसहित जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको जानकारी दिनुभयो ।

सडक डिभिजन हेटौंडाका डिभिजन प्रमुख गुरूप्रसाद अधिकारीले सर्वोच्च अदालतको पूर्णपाठ आउनु अगावै त्रिभुवन राजपथ अन्तर्गत पर्ने गण्डकचोक-पावरहाउस-घण्टाघर-बिर्ता-रजतजयन्तीचोक-मितेरी पुलसम्मको सडक सीमा २५/२५ मिटरको क्षेत्र सीमाङ्कन गर्न पत्राचार गरेको बताउनुभयो ।

गत फागुन २८ गते सर्वोच्च अदालतले वीरगञ्जको मुख्यसडक विस्तार विरुद्ध रिट खारेजी गरिदिएको थियो । सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले फागुन २८ गते रिट निवेदकको पाँच वटै रिट खारेज गरेसँगै डिभिजन सडक कार्यालय हेटौंडालाई वीरगञ्जको उक्त सडकखण्डको सडक दायाँबायाँ २५-२५ मिटर चौडा गर्ने बाटो खुलेको हो ।

# सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन सरकार प्रयत्नशील छ : प्रधानमन्त्री

काठमाडौं, १४ चैत (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका कामलाई सफल बनाउन सरकारका तर्फबाट आवश्यक सबै सहजीकरण हुने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

जवाफदेहीता निगरानी समिति र द्वन्द्वपीडित सङ्गठनद्वारा बिहीबार आयोजित सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका यसअघिका काम किन सफल भएनन् भन्ने समीक्षा गरी आगामी दिनका कामलाई सफल बनाउन जिम्मेवार पक्ष हामी सबै लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले पीडितलाई न्याय र परिपूरण दिन सरकार सक्रिय रहने विश्वास दिलाउँदै विगतमा भएको अनावश्यक र अनुचित हिंसालाई अब उप्रान्त यस्तो नहुने सुनिश्चित गर्दै शान्ति प्रक्रियालाई निष्कर्षमा लान सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई संसद्बाट सहमतिमा पारित गराइएको स्मरण गर्नुभयो । संसद्बाट सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी कानुन बनेपछि ती आयोगका पदाधिकारी नियुक्तिका लागि यसअघि गठित सिफारिस समितिमा सहमति नभइ त्यस समितिको अवधि सकिएपछि सरकारले प्रमुख दलको परामर्शमा फेरि अर्को सिफारिस समिति गठन गरेको छ ।

"सबै नेपाली जनता द्वन्द्वका घाउलाई बिर्सन चाहन्छन् । हिंसाको बाटो हामीले छोडिसकेका छौं । अब उप्रान्त त्यस्ता काम नहोउन्, पीडितलाई न्याय दिन सकौं । अठार वर्षसम्म शान्ति प्रक्रियाले पूर्णता प्राप्त नगर्दा हामीलाई अन्तराष्ट्रियस्तरमा मुख देखाउन लाजलाग्ने स्थिति भएको छ, त्यसकारण अब हामी काम पूरा गर्न गम्भीर हुनुपर्छ । गम्भीर मानवअधिकारको उलङ्घन गर्नेलाई कारवाही हुन्छ ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "जनयुद्धलाई अहिले पनि उत्सव मनाउने वा सार्वजनिक बिदा दिएर मनाउन खोज्ने

बाँकी अन्तिम पृष्ठमा

# विदेशी सवारी साधनमा २५ प्रतिशत थप कर लगाउने ट्रम्पको घोषणा



वासिङ्टन,१४ चैत (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अटो आयात र पार्टपूर्जामा चर्को कर लगाउने घोषणा गर्नुभएको छ। अमेरिकाका व्यापारिक साझेदारहरूले ट्रम्पको पछिल्लो कर नीतिको प्रतिकार गर्ने चेतावनी दिएका छन्।

ट्रम्पको बुधबार अपरान्हको घोषणाअघि वाल स्ट्रिटमा गिरावट आएको छ भने विश्वको सबैभन्दा बढी बिक्री हुने अटोमेकर टोयोटाको मूल्य तीन प्रतिशतभन्दा बढीले घटेको छ।

जापानका प्रधानमन्त्री शिगेरु इशिबाले टोकियोले 'सबै प्रकारका प्रतिकारात्मक उपायहरू विचार गरिरहेको' बताउनुभएको छ भने क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले ट्रम्पको करलाई आफ्नो देशका कामदारहरूमाथि 'सीधा आक्रमण' को संज्ञा दिनुभएको छ।

ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले पनि आफ्नो देश 'स्थिर रहन नसक्ने' बताउनुभएको छ। ओभल अफिसमा आदेशमा हस्ताक्षर गर्दै ट्रम्पले भन्नुभयो, "संयुक्त राज्य अमेरिकामा नबनेका सबै कारहरूमा २५ प्रतिशत कर लाग्ने गरी हामीले निर्णय लिएका छौं।"

घोषणामा भनिएको छ, "यो शुल्क अमेरिकी समय अनुसार अप्रिल ३ राति १२:०१ बजे पछि लागू हुनेछ र यसले विदेशमा निर्मित कार र हल्का ट्रकहरूलाई असर गर्नेछ। अटोमोबाइलका मुख्य पार्टपुर्जाहरू पनि एक महिनाभित्रै प्रभावित हुनेछन्।"

ट्रम्पले क्यानडा र युरोपेली सङ्घले संयुक्त राज्य अमेरिकालाई 'आर्थिक क्षति' पुऱ्याउन मिलेर काम गरेमा 'हालको योजना भन्दा धेरै ठूलो मात्रामा कर लगाउने चेतावनी दिनुभएको छ।

ट्रम्पका व्यापार र उत्पादनका लागि वरिष्ठ परामर्शदाता पिटर नाभारोले ट्रम्पको घोषणापछि पत्रकारसँगको एक साक्षात्कारमा 'विदेशी व्यापार छली' को आलोचना गर्दैं यसले अमेरिकाको विनिर्माण क्षेत्रलाई 'न्युन ज्यालामा काम गर्ने विदेशीका लागि सुरक्षित गरेको बताउनुभयो।

उहाँले जर्मनी र जापानले उच्च मूल्यका पार्टपुर्जाको निर्माणलाई आफ्नो देशमा नै केन्द्रित गरेको र सस्तो उपकरण निर्यात गरेको भन्दै आलोचना गर्नुभयो।

वासिङ्टनको करले ट्रम्पका सहयोगी तथा टेस्लाका मालिक एलन मस्कले आफ्नो फर्मको कारमा लागत प्रभावलाई 'प्रभावित' नगरेको बताउनुभएको थियो।

गत जनवरीमा आफ्नो दोस्रो कार्यकाल सुरु गरेदेखि ट्रम्पले अमेरिकाका प्रमुख व्यापारिक साझेदार क्यानडा, मेक्सिको र चीनबाट आयात हुने सामानमा नयाँ कर लगाउनुका साथै स्टिल र आल्मुनियममा २५ प्रतिशत कर लगाउनुभएको छ।

नयाँ करहरू उत्पादनहरूको लागि पहिले नै लगाइएका करको अतिरिक्त कर हुनेछ तर ह्वाइट हाउसले अमेरिका-मेक्सिको-क्यानडा सम्झौता (युएसएमसीए) अन्तर्गत प्रवेश गर्ने सवारी साधनले आफ्नो अमेरिकी सामग्रीको आधारमा कम दरका लागि योग्य हुन सक्ने बताएको छ।

ट्रम्पको व्यापार योजनामा अनिश्चितता र यसले मन्दी निम्त्याउन सक्ने चिन्ताले वित्तीय बजारलाई तरंगित बनाएको छ र हालैका महिनाहरूमा उपभोक्ताको विश्वास पनि घटेको छ।

ट्रम्पको घोषणा अघि नै जनरल मोटर्स र स्टेलेन्टिसको शेयर तीन प्रतिशतभन्दा बढीले घटेको थियो। जापानमा कार निर्माता कम्पनी निसानले २.५ प्रतिशत, होन्डाले ३.१ प्रतिशत र मित्सुबिशी मोटर्सले ४.५ प्रतिशतले गुमाएका छन् भने माज्दा र सुबारुले करिब छ प्रतिशतले शेयर मूल्य गुमाएका छन्। दक्षिण कोरियाको हुण्डाई कम्पनी सियोलमा २.७ प्रतिशतले पछि परेको छ।

ट्रम्पले सरकारी राजस्व बढाउने र अमेरिकी उद्योगलाई पुनर्जीवित गर्ने तरिकाको रूपमा करहरूको बचाउ गर्नुभएको छ। तर आयातित कारलाई लक्षित गर्दा जापान, दक्षिण कोरिया, क्यानडा, मेक्सिको र जर्मनीजस्ता नजिकका साझेदारहरूसँगको सम्बन्ध बिग्रन सक्छ।

एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटका उपाध्यक्ष तथा पूर्व अमेरिकी व्यापार वार्ताकार वेन्डी कटलरले भन्नुभयो, "आयातित कारमा २५ प्रतिशत कर लगाउँदा हाम्रा धेरै नजिकका व्यापारिक साझेदारमा विनाशकारी असर पर्नेछ।" उहाँले वासिङ्टनले केही प्रभावित पक्षसँग स्वतन्त्र व्यापार सम्झौता गरेको र व्यापार सम्झौताअन्तर्गत अमेरिकी प्रतिबद्धताको मूल्यमा प्रश्न उठाएको बताउनुभएको छ।

संयुक्त राज्य अमेरिकामा बिक्री हुने लगभग ५० प्रतिशत कारहरू देशभित्र निर्मित हुन्छन्। आयातमध्ये आधा मेक्सिको र क्यानडाबाट आयात हुन्छ, जापान, दक्षिण कोरिया र जर्मनी पनि प्रमुख आपूर्तिकर्ता हुन्।

ह्वाइट हाउसका एक अधिकारीका अनुसार अमेरिकामा निर्मित कारमध्ये आधाभन्दा बढी विदेशमा 'एसेम्बल' गरिएका हुन्छन्। फोर्ड, जनरल मोटर्स र स्टेलान्टिसको प्रतिनिधित्व गर्ने डेट्रोइटका 'बिग थ्री' कार उत्पादकको 'अमेरिकन अटोमोटिभ पोलिसी काउन्सिल'ले कर वृद्धिका बारेमा सावधानीपूर्वक एक वक्तव्य जारी गर्दै यो नीतिले अमेरिकी अटो उत्पादनलाई बढावा दिने आशा व्यक्त गरेको छ।

ट्रम्पले अप्रिल २ मा विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रका लागि तथाकथित 'मुक्ति दिवस' मनाउनुअघि बुधबारको घोषणा आएको हो।

उहाँले वासिङ्टनले अनुचित ठानेका अभ्यासहरूको सुधार गर्न विभिन्न व्यापारिक साझेदारहरूको अनुरूप पारस्परिक करहरूको प्रतिज्ञा गर्नुभएको छ। बुधबार उहाँले यी शुल्कले सबै देशलाई असर गर्ने बताउनुभएको थियो।

ट्रम्पले हालैका केही करका लागि आपतकालीन आर्थिक शक्तिको प्रयोग गर्नुभएको छ भने उहाँको अटो लेभी सन् २०१९ मा पूरा भएको सरकारी अनुसन्धानमा आधारित छ।

अत्यधिक आयातले आन्तरिक अर्थतन्त्रलाई कमजोर बनाएको र यसले राष्ट्रिय सुरक्षामा खलल पुऱ्याउन सक्ने अनुसन्धानले देखाएको छ।

# नेपालको जलविद्युत्मा लगानी गर्न भारतीय ठूला कम्पनी तयार

काठमाडौं, १४ चैत (रासस)।

लगानी र प्रतिफल सुनिश्चित भएमा भारतीय व्यापारिक घरानाले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आफूहरू तयार रहेको बताएका छन्।

भारतस्थित नेपालको राजदूतावास र भारतीय हरित ऊर्जा महासङ्घको संयुक्त आयोजना तथा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान)को संस्थागत सहभागितामा नयाँ दिल्लीमा आयोजित 'नेपाल-भारत इनर्जी समिट'मा सहभागी भारतका व्यावसायिक घरानाले, नेपालमा भारतीय लगानीको नीतिगत सुरक्षा हुनुपर्नेमा जोड दिए। उनीहरूले लगानी गरेपछि प्रतिफलको सुनिश्चितता, सहज रूपमा लगानी फिर्ता लिन पाउनुपर्नेलगायत जलविद्युत् आयोजनाले सामना गर्नुपरेका समस्या समाधानमा सरकारले सहजीकरण गर्नुपर्ने बताएका हुन्।

नेपालमा ९०० मेगावाटको अरूण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन)का आयोजना निर्देशक सुशील शर्माले नेपालमा काम गर्न वन, जग्गा प्राप्ति, भन्सार र सडकको समस्या रहेकाले ती समस्या समाधानमा सरकारले सहजीकरण गरिरहेको उल्लेख गर्नुभयो।

एसजेभीएनले २१७ किलोमिटर लामो प्रसारणलाइन निर्माण गरिरहेको र सरकारको सहयोग रहेकाले ९०० मेगावाटको आयोजना तीन वर्षमै ८४ प्रतिशत सम्पन्न भएको उहाँको भनाइ छ।

अरूण-३ मा ३४ हजार करोड भारतीय रुपैयाँ लगानी गरेर २५ वर्षपछि सरकारलाई हस्तान्तरण गरिने भएकाले यसले नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुग्ने उहाँको दाबी थियो। यो आयोजनाले भारतीय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने शर्माले बताउनुभयो।

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### पत्रकारलाई रिहा गर्न इस्तानबुलको अदालतद्वारा आदेश

इस्तानबुल, १४ चैत (रासस/एएफपी)।

टर्कीएको अदालतले दशकौं यताकै सबैभन्दा खराब प्रदर्शनको रिपोर्टिङ गरेको आरोपमा पक्राउ परेका एएफपीका एक फोटोग्राफरसहित सात जना पत्रकारलाई बिहीबार रिहा गर्न आदेश दिएको छ। गैरसरकारी संस्था र आन्दोलनको पक्षधर एक वकिलले पत्रकारलाई रिहा गर्न अदालतले आदेश दिएको पुष्टि गरेका छन्। प्रदर्शनको रिपोर्टिङ गरिरहेका टर्कीएका ११ जना पत्रकार, इस्तानबुलमा आठ जना र इजमिरमा तीन जनासहित एएफपीका फोटोग्राफर यासिन अकगुललाई प्रहरीले पक्राउ गरेको थियो।

मङ्गलबार इस्तानबुलको एक अदालतले अकगुल र अन्य ६ जनालाई 'कानुनको बर्खिलाप हुनेगरी' र्‍याली र जुलुसमा भाग लिएको' आरोपमा हिरासतमा राखेको थियो। यो कदमको अधिकारवादी समूह र पेरिसस्थित अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले कडा निन्दा गरेका छन्। टर्कीएमा गत मार्च १९ मा भएको इस्तानबुलका लोकप्रिय विपक्षी नगर प्रमुख एकरेम इमामोग्लुलाई जेल चलान गरिएपछि टर्कीमा जारी एक साता लामो प्रदर्शनका क्रममा सात पत्रकारसहित सयौं प्रदर्शनकारीलाई सुरक्षा नियन्त्रणमा लिइएको थियो। राष्ट्रपति रेसेप तैयप एर्दोगानको मुख्य राजनीतिक प्रतिद्वन्द्वीका रुपमा हेरिएका ५३ वर्षीय इमामोग्लुको गिरफ्तारीलाई एर्दोगानले आफ्नो नेतृत्वलाई अझ निरङ्कुश बनाउने सङ्केत गर्छ।

टर्कीएका तीन ठूला शहरमा भएको विरोध प्रदर्शन प्रतिबन्धको अवज्ञा गर्दै दिनहुँ ठूलो भीड सडकमा उत्रने गरेको छ भने रातको समयमा हुने जमघटमा पनि दङ्गा प्रहरीसँग भिडन्त हुने गरेको छ। अदालतले सातै जनालाई हिरासतबाट रिहा गर्न आदेश दिएको एमएलएसए अधिकार समूहले बिहीबार जनाएको हो। एएफपीका फोटो पत्रकार ३५ वर्षीय अकगुललाई जेलबाट रिहा गर्ने तयारी भएको उहाँका वकिलले बताउनुभएको छ।

उहाँले अकगुललाई सशर्त रिहा गर्न दिइएको हो वा आरोप हटाइएको हो भन्ने स्पष्ट नभएको बताउनुभयो। एएफपीका प्रमुख कार्यकारी तथा अध्यक्ष फेब्रिस फ्राइजले अकगुललाई हिरासतमा लिइनु 'अस्वीकार्य' कदम भएको भन्दै उहाँको पक्राउको निन्दा गर्नुभएको थियो। फ्राइजले अकगुल 'प्रदर्शनमा सहभागी नभएको' र पत्रकारको हैसियतमा मात्र समाचार सम्प्रेषण गरेकाले उहाँलाई तत्काल रिहा गर्न माग गर्नुभएको थियो। "यासिन अकगुलको रिहाई स्वागतयोग्य छ र यसले ठूलो अन्यायको समाधान गर्छ," रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) का एरोल ओन्डेरोग्लुले बिहीबार एएफपीसँग भन्नुभयो।

उहाँले भन्नुभयो, "अन्यायपूर्ण व्यवहारका कारण स्वतन्त्रताबाट वञ्चित भएका अन्य सबै पत्रकारको रिहाइको माग गर्दछौं। टर्कीको पश्चिमी तटीय शहर इज्मिरमा पक्राउ परेका अन्य चार जनामध्ये दुई जनालाई रिहा गरिएको र अन्य दुई जनालाई हिरासतमा राखिएको टर्कीको पत्रकार युनियनले जनाएको छ। गिरफ्तारीको संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय स्तरमा निन्दा भएको छ। गृहमन्त्री अली येर्लिकायाले मंगलबार दिउँसोसम्म प्रहरीले एक हजार ४१८ जनालाई पक्राउ गरेको जानकारी दिँदै 'सडकमा आतङ्क मच्चाउनेलाई कुनै छुट नदिइने' चेतावनी दिनुभएको छ। त्यसयता हिरासतमा लिइएका संख्याबारे थप अद्यावधिक गरिएको छैन। टर्कीको सबैभन्दा ठूलो शहर इस्तानबुल विश्वविद्यालय र राजधानीको अङ्कारा विश्वविद्यालय बाहिर विद्यार्थीहरूले बुधबार पुनः सडकमा प्रदर्शन गरेका थिए।विगतका दिनहरूमा जस्तै धेरैले प्रहरीले चिन्न नपाओस् भनेर स्कार्फ वा मास्कले अनुहार छोपेका थिए।

### इजरायली आक्रमणमा हमासका प्रवक्ताको मृत्यु भएको समूहको दाबी

गाजा, १४ चैत (रासस/एएफपी)।

इजरायलले बिहीबार गाजामा गरेको हवाई आक्रमणमा आफ्ना एक प्रवक्ताको मृत्यु भएको प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास) ले जनाएको छ। समूहले उत्तरी गाजाको जबालिया क्षेत्रमा रहेको एक टेन्टमा भएको 'हवाई' आक्रमणमा मारिएका अब्दुल लतिफ अल-कानौको मृत्युप्रति दुःख व्यक्त गरेको छ। मार्च १८ मा इजरायलले गाजामा आफ्नो बमबारी अभियान पुनः सुरु गरेसँगै गाजामा हप्तौंको सापेक्षिक शान्ति कायम गरेको कमजोर युद्धविराम समाप्त भएको थियो।

हमास शासित गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार त्यसयता कम्तीमा ८५५ जनाको मृत्यु भइसकेको छ। कानौ हालै इजरायलको आक्रमणमा मारिएका हमासका पछिल्लो उच्च पदस्थ अधिकारी हुनुहुन्छ। इजरायली सेनाले गत साता हमासको आन्तरिक सुरक्षा निकायका प्रमुख रसिद जाहजौहलाई हवाई आक्रमणमा मारिएको बताएको थियो। केही दिनअघि हमासले गाजा पट्टीमा आफ्नो सरकारका प्रमुख एसाम अल डालिस र गृह मन्त्रालयका प्रमुख महमुद अबु वात्फालाई आक्रमणमा मारिएका अधिकारीहरूको सूचीमा राखेको थियो। इजरायली सेनाले सन् २०२१ को जुनमा गाजामा प्रशासनको प्रमुख बनेका हमासको राजनीतिक ब्यूरोका सदस्य डालिसको मृत्यु भएको पुष्टि गरेको छ। हमासले आफ्नो राजनीतिक ब्यूरोका सदस्य सालाह अल बर्दाविल र यासेर हर्बको मृत्यु भएको पनि पुष्टि गरेको छ। हमासले बिहीबार भनेको छ, "हमास आन्दोलनका नेता र प्रवक्तालाई निशाना बनाउने कार्यले हाम्रो इच्छालाई तोड्ने छैन।"

# आगो निभाउने क्रममा घरधनी आचार्य घाइते, १५ लाख मुल्य बराबरको क्षति



दैनिक समाचारदाता
राजविराज, १४ चैत ।

सप्तरीको सप्तकोशी नगरपालिका ५ गंगाजलीमा बुधबार राती भएको आगलागिमा एक जना जलेर घाइते भएका छन् भने आगलागिमा १५ लाख मुल्य बराबरको क्षति भएको छ।

आगो निभाउने क्रममा घरधनी सोमप्रसाद आचार्य घाइते भएका हुन्। आगो निभाउने क्रममा उनको हात, खुट्टा र शरीर जलेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आचार्यकै गाईगोठमा बालेको आगो सल्केर गाईगोठ पुर्ण रुपमा जलेर क्षति भएको छ भने उनको दुई तल्ले घरको समेतमा आशिंक क्षति हुँदा १५ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ। सोही आगोमा एउटा पाडा र दुई वटा बाखा समेत जलेर मरेको छ।

स्थानिय, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा आगोलाई पुर्ण रुपमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# वीरगञ्ज नाका हुँदै तीन खर्ब ९० अर्बको सामान आयात

पर्सा, १४ चैत (रासस)।

वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको आठ महिनामा रु तीन खर्ब ९० अर्ब १८ करोड मूल्य बराबरको वस्तु तथा सामान भित्रिएको छ।

गत आवको आठ महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयात ११ दशमलव ४० प्रतिशत अर्थात् ३९ अर्ब ९२ करोड बढीका सामान भित्रिएका हुन्। गत आवको आठ महिनामा रु तीन खर्ब ५० अर्ब २६ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्राइएका थियो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दिपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थ, भटमासको कच्चा तेल र सवारीसाधनको आयातमा उल्लेखनीय रूपमा वृद्धि भएको जानकारी दिनुभयो। उहाँका अनुसार चालु आवको आठ महिनामा रु एक खर्ब २२ अर्ब २० करोड मूल्य बराबरको विभिन्न पाँच किसिमका पेट्रोलियम पदार्थ आयात भएको छ। गत आवको सोही समयमा भने रु एक खर्ब २० अर्ब ५३ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थको आयात भएको थियो।

यो नाका हुँदै चालु आवको आठ महिनामा रु २९ अर्ब २९ करोड मूल्य पर्ने भटमास तेलको कच्चा पदार्थ आयात भएको छ। गत आवको पनि सोही समयमा भटमासको कच्चा पदार्थ रु पाँच अर्ब ७८ करोड मूल्य बराबरको भित्रिएको थियो। चालु आवको आठ महिनामा रु २२ अर्ब ५१ करोड मूल्य पर्ने फलाम तथा फलामका सामग्री आयात भएकामा गत आवको सोही अवधिमा रु २१ अर्ब ९४ करोड मूल्य बराबरको आयात भएको थियो।

चालु आवको आठ महिनामा रु २१ अर्ब ६७ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुजा आयात भएको छ भने गत आवमा रु १८ अर्ब ६५ करोड मूल्य पर्ने सोही सामान आयात भएको थियो। चालु आवको आठ महिनामा रु ११ अर्ब ६८ करोड मूल्य बराबरका यातायातका सवारीसाधन आयात भएका छन्। गत आवको सोही अवधिमा रु १० अर्ब १० करोड मूल्य पर्ने सवारीसाधन आयात भएका भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक लामिछानेले जानकारी दिनुभयो।

# शान्तिपूर्ण प्रदर्शन गर्न आयोगको अपिल

काठमाडौं, १४ चैत (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्ना मागहरु राखेर प्रदर्शन गर्दा र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा शान्तिपूर्ण तरिकाले गर्न अपिल गरेको छ।

आयोगले समाजवादी मोर्चामा संलग्न विभिन्न राजनीतिक दल र राजतन्त्र समर्थक विभिन्न राजनीतिक दल र सङ्गठनहरुले शुक्रबार उपत्यकामा शक्ति प्रदर्शनको तयारी गरेकोप्रति ध्यानाकर्षण जनाउँदै उक्त अपिल गरेको हो।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा देशको संविधान र राष्ट्रिय अन्तरराष्ट्रिय कानुनमा उल्लिखित प्रावधानको पालनामा संवेदनशील हुन भनिएको छ।

"अरूको अधिकारमा बाधा पर्नेतर्फ सचेत रहन र आफ्ना प्रदर्शनलाई शान्तिपूर्ण बनाउन आयोग प्रदर्शनरत पक्षलाई अपिल गर्दछ", विज्ञप्तिमा भनिएको छ, "उत्पन्न परिस्थितिको आकलन गर्दै शान्तिसुरक्षाको व्यवस्था मिलाउँदा मानव अधिकारप्रति संवेदनशील हुन आयोग नेपाल सरकार तथा सम्बद्ध सुरक्षा अधिकारीलाई आग्रह गर्दछ।"

आयोगले प्रदर्शनीका क्रममा दुवै पक्ष आमनेसामने हुने स्थिति सिर्जना भएमा त्यसबाट उत्पन्न हुनसक्ने परिस्थितिले शान्तिसुरक्षामा समेत चुनौती थप्न सक्ने अवस्थाप्रति आयोगले चासो व्यक्त समेत गरेको छ।

आयोगले उपत्यकाको सुरक्षा व्यवस्थाको सम्बन्धमा काठमाडौं र ललितपुरका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख र नेपाल प्रहरीको मानव अधिकार सेलका प्रतिनिधिसँग छलफल गरेको जनाएको छ।

छलफलका क्रममा सुरक्षा अधिकारीहरुले शान्तिसुरक्षाको अवस्थालाई व्यवस्थित गर्न उपत्यकाका सबै सुरक्षा निकायबीच समन्वय गर्दै प्रदर्शनकारीका प्रतिनिधिसँग समेत छलफल गरी सुरक्षा योजना तयार पारिएको जानकारी गराउनुभयो।

आयोगका अध्यक्ष तपबहादुर मगरले शान्तिसुरक्षालाई व्यवस्थित गर्न र शान्तिसुरक्षाको प्रबन्ध मिलाउँदा मानव अधिकारका मूल्यमान्यतालाई आत्मसात् गर्न निर्देशन गर्नुभएको छ। आयोगले विभिन्न टोलीहरु बनाई शुक्रबार हुने प्रदर्शनीको मानव अधिकारको कोणबाट अनुगमनसमेत गर्नेछ।

# सरकारको निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट

काठमाडौँ, १४ चैत (रासस)।

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णय बदरको माग गर्दै कुलमान घिसिङले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्नुभएको छ।

सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेकाअनुसार बुधबार पेस भएको घिसिङको रिट निवेदन बिहीबार दर्ता भएको हो। उक्त विवादमा आगामी शुक्रबार सुनुवाइ हुने जनाइएको छ।

रिट निवेदनमा भनिएको छ, "नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्ति गर्ने निर्णय र सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी उपरोक्त निर्णय एवं पत्र र कारबाहीको आधारमा निवेदकलाई नियुक्ति मितिदेखि चार वर्षको अवधि अगावै सेवाबाट हटाउने कार्य नगर्नु र सेवामा रही नियमित कामकाज गर्न नरोक्नु नरोकाउनु, कुनै बाधा व्यवधान नगरी यथावत काम कारवाही गर्न दिनु।"

चार महिना कार्यकाल बाँकी रहँदा गत सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो।

### *नेपालको जलविद्युत्मा ...*

अडानी ग्रूपका उपाध्यक्ष जयरमन पुनिधानले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न कम्पनीले राम्रा आयोजनाको खोजी गरिरहेको बताउनुभयो। विश्वभर २७ हजार ३०० मेगावाट विद्युत् उत्पादनका लागि अडानी ग्रूपले 'एमओयू' गरेको जानकारी दिँदै उहाँले अडानीको प्राथमिकतामा छिमेकी मुलुक र क्षेत्रीय ऊर्जा बजार रहेको उल्लेख गर्नुभयो।

भारतीय ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव आकाश त्रिपाठीले नेपाल र भारतबीच एक हजार मेगावाट विद्युत् आदानप्रदानको संरचना तयार भइसकेको र आठ हजार मेगावाट विद्युत् आदानप्रदान गर्ने क्षमताका चारवटा प्रसारणलाइन निर्माणाधीन भएकाले नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि समस्या नहुने बताउनुभयो।

उत्तर भारत हाइड्रोपावर कम्पनीका कार्यकारी निर्देशक नरेश गोयलले नेपाल सरकारले प्रशासनिक अवरोध हटाएर लगानीको वातावरण बनाइदिएमा भारतीय लगानीकर्ता नेपालमा लगानी गर्न तयार रहेको बताउनुभयो।

भारतका लागि नेपाली राजदूत डा शंकर शर्माले नेपाल सरकारले अघि सारेको सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनको लक्ष्य प्राप्तिका लागि दूतावासले सम्मेलन आयोजना गरेको बताउनुभयो। उहाँले भारतीय लगानीकर्तालेे नेपालमा आयोजनाको स्वामित्व किनेर वा 'जोइन्ट भेन्चर'मा पनि काम गर्न सक्ने जानकारी दिनुभयो।

### *मविव क्याम्पस ...*

बैठकबाट चैत १४ गतेदेखी लागु हुने गरि कर्णलाई क्याम्पस प्रमुखमा नियुक्त गर्ने निर्णय गरेको हो।

मविव क्याम्पसका सहप्राध्यापक समेत रहेका नवनियुक्त क्याम्पस प्रमुख कर्णले गणित विषयमा विद्यावारिधि गरेका छन्।

### *सङ्क्रमणकालीन ...*

कुरा गरिरहन आवश्यक छैन। यस्ता कुराले पीडितलाई झन् पीडित बनाउन सक्छ।"

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहभागी कार्यक्रममा प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा लान अन्तरराष्ट्रिय समुदायको सहयोग र साथ प्राप्त भइरहनुपर्नेमा जोड दिँदै यस प्रक्रियालाई मौलिक तरिकाले समाधान निकाल्न नेपालले प्रयास गरिरहेको बताउनुभयो।

सङ्क्रमणकालीन न्यायसम्मबन्धी काम र सरकारको कनै निकायको कर्मचारी हटाएको विषय तुलनायोग्य नभएकाले त्यस्ता अनावश्यक विषयलाई जोडेर प्रस्तुत नगर्नसमेत उहाँले आग्रह गर्नुभयो। प्रधानमन्त्री ओलीले जनताको सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेकाले मुलुक पछाडि फर्कन नसक्ने पनि स्पष्ट गर्नुभयो।


## सहकारीका गतिविधिबारे सचेत बनौं

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरूसँग आर्थिक कारोवार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नबसौं,
- सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रुपमा नराखौं,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोबारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिबारे सदस्यहरू सचेत बनौं ।

सहकारी मूल्यमान्यताको पालना गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*